# कालिका पावर कम्पनि लिमिटेड

## को

## बार्षिक साधारण सभाको निर्णय

## (Minute)

**१. सभाको वैधानिकता**

कम्पनी ऐन २०६३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम कालिका पावर कम्पनि लिमिटेडको पन्ध्रौ बार्षिक साधारण सभा कम्पनी सञ्चालक समितिको सदस्य श्री युवबहादुर क्षेत्रीज्यूको अध्यक्षतामा २०७९ साल पौष २९ गते शुक्रबार बिहानको ११:०० बजे भरतपुर, चितवनमा शुरु भई दिनको २:०० बजे सुसम्पन्न भयो । बाार्षिक साधारण सभाका लागि तोकिएको निम्न अनुसारको बिषय सूचिहरुमा छलफल भई निम्न अनुसार निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :- २०७८/०९/२९ गते शुक्रबार

स्थान :- कम्पनीको मुख्य कार्यालय, भरतपुर चितवन ।

समय :- बिहान ११ बजे ।

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम पन्ध्रौ वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पत्राचार मार्फत पठाई तथा राष्ट्रिय दैनिक कारोवार पत्रीकामा समेत २ पटक सार्वजनिक सूचना प्रकाशन समेत गरिएको थियो ।

**४. छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

**छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

१. विशेष प्रस्तावहरुः

क. संचालक समितिको निर्णय बमोजिम प्रस्तावित कम्पनीको आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु ६९,००,००,०००।- को १५ प्रतिशतले हुन आउने रकम रु १०,३५,००,०००/-(अक्षरेपी रु दश करोड पैतिस लाख मात्र) बराबरको बोनस शेयर दिने निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

ख. प्रवन्धपत्रको दफा र नियमावलीको नियम संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

घ. कालिका कन्स्ट्रक्सन प्रा.लि. अन्तर्गतको गोरखा जिल्लास्थित दरौदी खोलामा प्रस्तावित माथिल्लो दरौदी बि.साना जलविद्युत आयोजना (८.३ मे.वा.) र माथिल्लो दरौदी सि.साना जलविद्युत

आयोजना (९.८२ मे.वा.) खरीद गर्ने सम्वन्धमा आवश्यक निर्णय लिन संचालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

२. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी पारीत गर्ने ।

४. आ.व. ०७९/०८० को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

५. संचालक समितिको तर्फवाट आ.व.०७८/०७९ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

६. यस कम्पनीको सर्वसाधारण शेयरधनी समुहमा रहेका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व हुने २ जना संचालक तथा १ जना स्वतन्त्र संचालकको निर्वाचन सम्वन्धमा ।

७. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु ६९,००,००,०००/- को ०.७८९५ प्रतिशतले हुन आउने रकम रु ५४,४७,५५०/- (अक्षरेपी रु चौबन्न लाख सरचालिस हजार पांच सय पचास मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने ।

८. विविध विषयमा छलफल ।

**५. उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | युवबहादुर क्षेत्री | संचालक |
| २. | ठाकुर प्रसाद ढकाल | संचालक |
| ३. | माधव राज पाण्डे | संचालक सर्वसाधारण शेयरधनीको समुहवाट |
| ४. | वालेन्द्र क्षेत्री | संचालक विषय विशेषज्ञ समुहवाट |

**५.२. शेयरधनीहरुको उपस्थिति**

१. संचालक/शेयरधनीको संख्याः ४५ जना शेयर संख्याः ४८,२१,४९९ थान

२. स्वयम् उपस्थित हुने शेयरधनीको संख्याः ४२ जना

३. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : ३ जना ३२,३५,८१२ थान,

४. जम्मा उपस्थित संख्याः ४५ जना, ४८,२१,४९९ थान

५. उपस्थित प्रतिशतः ६९.८८ प्रतिशत

**६.गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

कम्पनीका ६९.८८ प्रतिशत शेयरधनी महानुभावहरु सभामा उपस्थित रहनु भएकाले कम्पनी ऐन २०६३ वमोजिम कम्पनीको सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुगेको छ ।

## ७. सभाको वैधानिकता र सभाको अध्यक्षता

७.१ कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम यस सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको पन्ध्रौ वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ४३ जना भएको र कुल शेयरको ६९.८८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा आजको साधारण सभाको अध्यक्षज्युले पन्ध्रौ वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ कम्पनीको पन्ध्रौ साधारण सभाको अध्यक्षता संचालक श्री युव बहादुर क्षेत्रीज्यूको अध्यक्षतामा शुरु गर्न अनुरोध गर्नु भयो ।

७.३ सभाका अध्यक्षज्यूले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. ०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो । तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको आर्थिक विवरण सहितको नाफा नोक्सान हिसाब भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु

९.१ कम्पनीको आ.व. ०७८/०७९ को प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. ०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

### ९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. श्री निकोलस पाण्डे
२. श्री पदम गुरुङ्ग
३. श्री गणेश भुर्तेल

## १०. छलफलमा सहभागी हुने संचालक तथा शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य :

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम कम्पनी, संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । कम्पनीको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिकाटिप्पणी गर्दै कम्पनीवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमीकमजोरीहरु औल्याउनु भयो । कम्पनीको हितका लागी आफ्नो तर्फवाट सुझावहरु प्रस्तुत गर्नुभयो । कम्पनीसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

तल उल्लेखित शेयरधनी महानुभावहरुले छलफलको क्रममा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :

१. श्री नविन श्रेष्ठ
२. श्री निलु गुरुङ्ग
३. श्री उमाकान्त पौडेल

माथि उल्लेखित महानुभावहरुले वार्षिक साधारण सभामा संचालक र व्यवस्थापन तथा कम्पनीलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । त्यस पछि संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि आफ्नो धारणा राख्दै कम्पनी संचालन गर्न अझ प्रभावकारी कार्यक्रमहरु संचालन गर्नुपर्ने र लगानीकर्ताहरुलाई वढि भन्दा वढि प्रतिफल दिन अझ विशेष ध्यान दिनु पर्ने देखिएको छ र कम्पनीको उद्देश्य प्राप्त गर्न अझ सशक्त किसिमले अगाडी वढ्नु पर्ने आवश्यकता औल्याउदै कम्पनीलाई आफ्नो तर्फवाट दिनु पर्ने सुझावहरु प्रस्तुत गर्नु भयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ दिनु भयो र प्राप्त सल्लाह सुझावहरु कम्पनी संचालनको मुख्य आधार रहेकोले विचार व्यक्त गर्नु भयो साथै आगामी दिनमा यस्ता सुझावहरुको क्रमश: कार्यन्वयन गर्दै लैजाने कुरामा सबै शेयरधनीहरुलाई विश्वास दिलाउनु भयो ।

**१३. सभाको निर्णय**

१. विशेष प्रस्ताव सम्वन्धि छलफल तथा निर्णयहरुः

क. संचालक समितिको निर्णय बमोजिम प्रस्तावित कम्पनीको आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु ६९,००,००,०००।- को १५ प्रतिशतले हुन आउने रकम रु १०,३५,००,०००/-(अक्षरेपी रु दश करोड पैतिस लाख मात्र) बराबरको बोनस शेयर दिने प्रस्ताव सम्वन्धमा छलफल गरी उक्त विषेश प्रस्ताव सर्वसम्मत निर्णयवाट अनुमोदन गर्ने सम्वन्धमा ।

ख. बोनस शेयर जारी गरेको कारणले पुजी बृद्धि हुने भएकोले प्रवन्धपत्रको दफा र नियमावलीको नियम संसोधन गर्ने सम्वन्धमा आज बसेको सभामा छलफल गरी उक्त विषेश प्रस्ताव सर्वसम्मतिवाट पारित गरीयो ।

१. निर्णय नं. १ (क) बमोजिम स्वीकृत बोनश शेयर जारी गरे पश्चात कायम हुने तत्काल चुक्ता पुँजीको संसोधन गरी प्रवन्धपत्रको दफा ६ को खण्ड (ग) मा निम्न बमोजिम संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव सर्वसम्मतिवाट पारित गरीयो ।

| साविकको ब्यबस्था | हालको थप संशोधन | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका संस्थापक/ शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुँजी रु ६९,००,००,०००।- (उन्सत्तरी करोड) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ६९००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका संस्थापक/ शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुँजी रु ७९,३५,००,०००।- (उनासी करोड पैतीस लाख) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ७९३५००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | बमोजिम सिफारीस यस कम्पनीको संचालक समितिको मिति २०७९।०९।०६ को निर्णय बमोजिम आ.व.०७८/०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु ६९,००,००,०००।- को १५% प्रतिशतले हुन आउने रकम रु १०,३५,००,०००।- (अक्षरेपी रु. दश करोड पैतीस लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने निर्णय पारीत गरेको हुदा कम्पनीको तत्काल चुक्ता पूँजी बृद्धि भई संशोधन गर्नु परेको हो । |

ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिवाट पारित गरीयो ।

घ. कालिका कन्स्ट्रक्सन प्रा.लि. अन्तर्गतको गोरखा जिल्लास्थित दरौदी खोलामा प्रस्तावित माथिल्लो दरौदी बि. साना जलविद्युत आयोजना (८.३ मे.वा.) र माथिल्लो दरौदी सि. साना जलविद्युत आयोजना (९.८२ मे.वा.) खरीद गर्ने सम्वन्धमा शेयरधनी श्री पदम गुरुङज्यूले आयोजना खरीद गर्न उपयुक्त भएको वा नभएको विषयमा Due Deligence गरी आयोजना खरीद गर्न फाइदाजनक भएको वा नभएको विषयमा निर्णय गरेपछि मात्र खरीद गर्न उपयुक्त हुने भनी प्रश्न उठाउनुका साथै उक्त आयोजनाहरु खरिद गर्नुभन्दा पहिले वा आवश्यक निर्णय लिनुभन्दा अगाडि एक समिति गठन गरी उक्त प्रस्तावको सम्वन्धमा विस्तृत आर्थिक योजना, उक्त आयोजनाहरुको खरिद गर्दा कम्पनीले के कस्तो फाइदा लिन सक्छ कि सक्दैन, यति ठुलो लगानी कम्पनीले संचालन गर्दा के कस्तो मुनाफा आर्जन गर्न सकिन्छ कि सकिदैन कार्ययोजना तयार पश्चात मात्र आयोजनाको विस्तृत कार्ययोजना सहित संचालक समितिले ठीक छ भनी निर्णय गरेपछि मात्र खरीद गर्न सुझाव दिनुभएकोले उक्त आयोजनाको विस्तृत अध्ययन गर्न समिति गठन गर्ने निर्णय गरियो र उक्त समितिमा श्री सीताराम श्रेष्ठ संयोजक रहने निर्णय गरियो । साथै, समितिको प्रतिवेदन प्राप्त भएपछि आवश्यकता परे विशेष साधारण सभा बोलाई वा आगामी वार्षिक साधारण सभामा पेश गरी छलफल गरी आवश्यक निर्णय लिने निर्णय पारित गरीयो ।

(आजको यस पन्ध्रौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो विषेश प्रस्तावहरु पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**२. संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. ०७८/०७९ को सञ्चालक समितिको तर्फवाट संचालक समितिको अध्यक्षज्युले पेश गर्नु भएको प्रतिवेदन उपर आवस्यक छलफल गरी उक्त प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

(आजको यस पन्ध्रौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**३. लेखा परिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात तथा सोहि मितिमा समाप्त आ. ब. ०७८/०७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. ०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

KALIKA POWER COMPANY LTD.

(आजको यस पन्धौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**४. आ. व. ०७९/०८० को लागी लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को अनुसार आ.व. ०७९/०८० को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा के.बि.चित्रकार एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट अरुण लुइटेलज्युलाई बार्षिक पारीश्रमीक रु २,५०,०००।- भ्याट बाहेक) भुक्तानी गर्ने गरी नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

(आजको यस पन्धौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**५. संचालक समितिको तर्फवाट आ.व.०७८/०७९ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।**

यस कम्पनीको आ.व.०७८।०७९ मा संचालक समितिको तर्फवाट भए गरेको संचालक समितिको निर्णयहरु तर्फ आज बसेको सभामा विस्तृत रुपमा छलफल गरी संचालक समितिले यस आ.व.मा १५ प्रतिशत बोनश शेयर दिने निर्णय पारीत गरीसकेको अवस्थामा आगामी वर्ष अझै बढी लाभांश दिने तर्फ सचेत भएको देखीएकोले कम्पनीले यस आ.व.मा गरेको निर्णयहरु कम्पनीलाई प्रवर्दन गर्न, कम्पनीको खर्च घटाउन तथा नाफा बढाउनमा केन्द्रीत भएको देखियो । त्यसैले यस आ.व.मा संचालक समितिको तर्फवाट भएको निर्णय मध्ये वार्षिक साधारण सभामा विषेश प्रस्तावको रुपमा पेश गरेको प्रस्ताव नं. १ (घ) बाहेक अन्य निर्णयहरु सर्वसम्मतिवाट अनुमोदन गरियो ।

(आजको यस पन्धौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

६. **प्रमाणपत्र वितरण : निर्वाचन अधिकृत अधिबक्ता कृष्ण प्रसाद पनेरुबाट** यस कम्पनीको सर्वसाधारण शेयरधनी समूहमा रहेका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने २ जना संचालक तथा १ जना स्वतन्त्र संचालकको निर्वाचनमा निर्बिरोध निर्वाचित तपसिल बमोजिमका सञ्चालकज्युलाई प्रमाणपत्र वितरण गर्नु भयो ।

१. श्री भुपराज काफ्ले

२. श्री सीताराम श्रेष्ठ

३. श्री बालेन्द्र क्षेत्री

(आजको यस पन्धौ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

७. मिति २०७९।०९।०६ मा बसेको संचालक समितिको वैठकवाट भएको निर्णय बमोजिम सिफारीस आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुजी रु ६९,००,००,०००।- को ०.७८९५ प्रतिशतले हुन आउने रकम रु ५४,४७,५५०।- (अक्षरेपी रु. चवन्न लाख सत्चालिस हजार पाँच सय पचास मात्र) नगद लाभांस ( १५ प्रतिशत बोनस शेयर बापतको कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरीयो ।

(आजको यस पन्धौ बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

८. **विविध:**

१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिबले प्रमाणीत गर्ने सर्वसम्मतिबाट निर्णय पारित भयो ।

**१४. धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्युले कम्पनीका संस्थापक शेयरधनी/ सर्वसाधारण शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा विसर्जन**

तत्पश्चात् कम्पनीका अध्यक्ष तथा संचालक समितिको सदस्य युव बहादुर क्षेत्रीज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिनको २:०० बजे सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| **किशोर कुमार डंगोल**<br>**कम्पनी सचिव** | **युव बहादुर क्षेत्री**<br>**अध्यक्ष** |

# तीन महले विवरण

| साविकको ब्यबस्था | हालको थप संशोधन | संशोधनको कारण |
| --- | --- | --- |
| प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका स्थापक/शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुंजी रु ६९,००,००,०००।- (उन्सत्तरी करोड) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ६९००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका स्थापक/शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुंजी रु ७९,३५,००,०००।- ( उनासी करोड पैतीस लाख) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ७९३५००० थान साधारण शेयरमा बिभाजन गरिए को छ । | बमोजिम सिफारीस यस कम्पनीको संचालक समितिको मिति २०७९।०९।०६ को निर्णय बमोजिम आ.व.०७८/०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु ६९,००,००,०००।- को १५% प्रतिशतले हुन आउने रकम रु १०,३५,००,०००।- (अक्षरेपी रु. दश करोड पैतीस लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने निर्णय पारीत गरेको हुदा कम्पनीको तत्काल चुक्ता पूँजी बृद्धि भई संशोधन गर्नु परेको हो । |

कम्पनी ऐन, २०६३ अन्तर्गत संन्चालीत
( शेयरहरुमा सिमित दायित्व भएको )

# कालिका पावर कम्पनी लि.

## प्रवन्धपत्र

## को

## दफा ६ (ग) मा भएको थप संसोधन

प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका संस्थापक/शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुंजी रु ७९,३५,००,०००।- (उनासी करोड पैतीस लाख) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ७९३५००० थान साधारण शेयरमा बिभाजन गरिए को छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संन्चालीत

**(शेयरहरुमा सिमित दायित्व भएको)**

# कालिका पावर कम्पनी लि.

## प्रवन्धपत्र

## को

### दफा ६ (ग) मा भएको थप संसोधन

प्रवन्धपत्रको दफा ६ (ग) कम्पनीका संस्थापक/शेयरधनीहरुले तत्काल लिन कबुल गरेको पुंजी रु ७९,३५,००,०००।- (उनानअसी करोड पैतीस लाख) हुनेछ। उक्त पूँजी लाई रु १०० का दरले ७९३५००० थान साधारण शेयरमा बिभाजन गरिए को छ।